नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
औषधि व्यवस्था विभागको

Ethylene Glycol तथा Diethylene Glycol को प्रयोग सम्वन्धि अत्यन्त जरुरी सुचना

प्रकाशित मितिः २०७९/०८/१२

जाम्बिया तथा इन्डोनेसिया लगायतका देशहरुमा बच्चाहरुमा प्रयोगहुने झोल बनावट (Liquid Dosage form)का औषधिहरुमा Ethylene Glycol तथा Diethylene Glycol जस्ता विषाक्त रसायनयुक्त मिसावटका कारणबाट बच्चाहरुको मृगौलामा गम्भीर प्रतिअसर/दुष्प्रभाव भई मृत्यु भएको पुष्टी बिश्व स्वास्थ्य संगठनको प्रतिवेदनमा उल्लेख छ । यस सन्दर्भमा सो मध्ये Promethazine Oral Solution, Kofexmalin Baby Cough Syrup, Makoff Baby Cough Syrup र Magrip N Cold Syrup को भारतको Maiden Pharmaceuticals Ltd (Haryana, India) उत्पादक रहेको जानकारीमा हुन आएकोमा ति उत्पादक तथा सोका उत्पादनहरु विभागमा दर्ता नभएको व्यहोरा सबैको जानकारीको लागि अनुरोध छ।

यस प्रकारका समस्याहरु भविष्यमा नहोस भन्ने हेतुले propylene glycol, polyehthylene glycol, Sorbitol र Glycerin/Glycerol जस्ता सहायक कच्चा पदार्थहरु प्रयोग भई नेपालमा उत्पादन तथा पैठारी हुने विशेष गरि झोल बनावटका औषधिहरुमा सबै उत्पादकहरु तथा पैठारीकर्ताले आफ्नो उत्पादनमा Ethylene Glycol र Diethylene Glycol को मिसावट नभएको भनि अनिवार्य एकिन गरी मात्र झोल औषधिहरुको बिक्रि बितरण गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

बरिष्ठ औषधि व्यवस्थापक